# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०		फिदिम,पाँचथर		२०८२ पौष १८ गते		संख्याः २

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**विपदबाट पूर्ण रुपमा क्षति भएका घरधुरीलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२**

## विपदबाट पूर्ण रुपमा क्षति भएका घरधुरीलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :**

प्राकृतिक तथा मानविय कारणबाट हुने विपद् (भू कम्प, आगलागी, बाढी, पहिरो, डढेलो, हावाहुरी आदि) का कारण पूर्ण रुपमा क्षति भएका पिडीत घरधुरीलाई तत्काल राहत उपलब्ध गराई सहज जीवनयापनमा सहयोग पुर्याउने उद्देश्यले नगरपालिकाबाट तत्काल खाना तथा अस्थायी बसोबास व्यवस्था गर्नका लागि रकम उपलब्ध गराउनका लागि अलग्गै कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधी बनाइ लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधीको नाम "विपदबाट पूर्ण रुपमा क्षति भएका घरधुरीलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "विपद्" भन्नाले प्राकृतिक तथा मानविय कारणबाट हुने विपद् (भू कम्प, आगलागी, बाढी, पहिरो, डढेलो, हावाहुरी आदि) लाई जनाउँछ।

ख) "पूर्ण क्षति भएको घर" भन्नाले बसोबास गर्न पूर्ण रुपमा अयोग्य भई पुन निर्माण नगरी बस्न नसकिने अवस्था भएको घरलाई जनाउँछ।

ग) "पिडीत घरधुरी" भन्नाले विपद्को कारण घर पूर्ण रुपमा क्षति भई विस्थापित भएको परिवारलाई जनाउँछ।

घ) "नगरपालिका" भन्नाले फिदिम नगरपालिकालाई जनाउँछ।

ङ) "नगर प्रमुख " भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

च) "कार्यपालिका" भन्नाले फिदिम नगरपालिकाको कार्यपालिकालाई जनाउँदछ।

**३. उद्देश्य :**

क) यस कार्यविधिको मुख्य उद्देश्य यस नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा मानविय कारणबाट हुने विपद् (भूकम्प, आगलागी, बाढी, पहिरो, डढेलो, हावाहुरी आदि) का कारण पूर्ण रुपमा क्षति भएका पिडीत घरधुरीलाई तत्काल राहत उपलब्ध गराई सहज जीवनयापनमा सहयोग गर्नु रहेको छ।

**४. राहत रकम** :

क) विपदबाट पूर्ण क्षति भएका घरधुरीलाई पूर्ण क्षति भएको प्रहारी मुचुल्का अनुसार तत्काल खाना तथा अस्थायी बसोबासको व्यवस्थाका लागि रु. १५,०००।०० (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराइनेछ।

ख) विपदबाट पूर्ण क्षति भएका घरधुरीलाई घर निर्माणका लागि एकमुष्ट रु. ४०,०००।०० (अक्षरुपी चालिस हजार रुपैयाँ मात्र) वा सो बराबरको जस्तापाता उपलब्ध गराइनेछ।

**५. योग्यताको मापदण्डः** देहायको मापदण्ड पूरा गरेका घरधुरी राहतका लागि योग्य मानिनेछः

**क)** सम्बन्धित घरधुरी नगरपालिकाभित्र स्थायी बसोबास गरिरहेको हुनुपर्ने।

**ख)** घर विपदका कारण पूर्ण रुपमा क्षति भएको सम्बन्धमा प्रहरी सर्जमिन मुचुल्का हुनुपर्ने।

**ग)** सम्बन्धित वडा कार्यालयको सिफारिस हुनुपर्ने।

**घ)** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र चालु आ.व.को तिरो तिरेको रसिद।

**ङ)** घर निर्माण भई छाउन तयार भएको भनी प्राविधिकको प्रतिवेदन।

**६. राहत स्वीकृतिः**

क) मापदण्ड अनुसारको आवश्यक कागजात तथा प्रमाण पत्रको आधारमा निवेदन पेश गरेपश्चात नगर प्रमुखको तोक आदेशअनुसार कार्यालयले राहत रकम उपलब्ध गराउनेछ।

**७. भुक्तानीको प्रक्रियाः**

ख) राहत रकम प्राप्त गर्न मापदण्ड पुगेको पिडीतलाई निजको नाममा रहेको बैंक खातामा वा प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ वा सो बराबरको जस्तापाता उपलब्ध गराइने।

**८. राहत नपाउने अवस्थाः** देहायको अवस्थामा पिडीत परिवार राहत पाउन योग्य हुनेछैनः

क) एउटै विपदका कारण पटकपटक राहत उपलब्ध गराउन।

ख) संघीय सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायबाट सोही प्रयोजनमा राहत प्राप्त गरेको भए।

**९. अनुगमन तथा मूल्याङ्कनः**

यस मापदण्डको अनुगमन फिदिम नगरपालिकाको अनुगमन समितिबाट गरिनेछ।

**१०. संशोधनः** यस कार्यविधिलाई नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

**११. खारेजी तथा बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

आज्ञाले

कुमार प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत